# खण्ड- १

# साँफेबगर नगरपालिका, अछाम

## १.१ संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स. हरु बैजनाथ, जाल्पादेवी, सिद्देश्वर, मष्टामाण्डौं, नवाठाना, भागेश्वर, रिडिकोट र चण्डिका समाहित गरी विधिवतरुपमा घोषणा गरिएको यस साँफेबगर नगरपालिका २०७३/११/२७ गते राज्य पुनसंरचना भएसंगै साविकका थप ६ वटा गा.वि.स.हरु बुढाकोट, घुघुरकोट, देविस्थान, खप्तड, बाब्ला र पातलकोट लाई यस नगरपालिकामा समाहित गरी  हाल १४ वटा वडामा विभाजित यस नगरपालिकाको उत्तर-पूर्वमा मेल्लेख गाउँपालिका र बान्नीगढी जयगढ गाउँपालिका, दक्षिण-पश्चिममा मंगलसेन नगरपालिका र चौरपाटी गाउँपालिका रहेको छ भने यस नगरपालिकाको क्षेत्रफल १६६.७१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या महिला १८३०४ र पुरुष १५४८४ गरी कुल जनसंख्या ३३७८८ र घरधुरी संख्या ६६९३ रहेको छ । त्यसैगरी यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालकै चार धाम मध्येको एक धामकोरुपमा रहेको प्रसिद्ध वैद्यनाथ धाम, जिमराडी धाम, खप्तड, धवलछडा, कालालेकी, जाल्पादेवी, हाडासैन, विमकोट पर्यटकीय क्षेत्र हुन भने प्रमुख आर्थिक केन्द्रमा समग्र अछाम जिल्लाकै व्यापारिक केन्द्रकोरुपमा रहेको साँफेबगर, बयालपाटा, ठाँटी, तासी बजार, बुढा बगर र श्रीकोट बजार रहेका छन।

नगरपालिकाको शैक्षिक क्षेत्रको अवस्थामा २ वटा क्याम्पस, सामुदायिक विद्यालय जम्मा ७० वटा मध्ये १४ वटा मा.वि. , २ वटा प्राविधिक मा.वि. ,  नि.मा.वि. २ वटा र ५२ वटा प्राथमिक विद्यालयहरु र संस्थागत विद्यालय जम्मा ६ वटा मध्ये मा.वि. २ नि.मा.वि. १ र प्रा.वि. ३ रहेको यस नगरपालिकाको साक्षरता प्रतिशत ८० रहेको छ । नगर क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जनता कृषि पेशामा संलग्न रहेका छन भने पशुपालन पनि सहायक पेशाकोरुपमा रहेको छ । चारैतिर हरियाली बन र सुन्दर बस्ती भएको साँफेबगर नगरपालिका ७ नं. प्रदेशकै विकास र सम्वृद्दिको सम्भावना बोकेको नगरपालिका भित्र पर्दछ । स्रोत र साधनको उचित प्रयोग हुन सकेको खण्डमा अपार जलस्रोतकोरुपमा रहेका बुढीगंगा, कैलाशखोला, आर्दोली गाड, जिजाडी गाड, प्रभाली

गाड, छिपेखोला, लुंग्रेली गाड, इक्डी गाड आदिले यस क्षेत्रको कृषि तथा जलविद्युतको विकासमा टेवा पुरयाउने देखिन्छ ।

# खण्ड -२

**साँफेबगर नगरपालिकामा चालु आ.व. ०७४/७५ मा सम्पन्न भएका क्रियाकलापहरुको समिक्षा**

**१. कृषि विकासः**

१. एक घर एक करेसाबारी अभियान अन्तर्गत चार हजार घरपरिवारमा तरकारीका उन्नत बीउविजन वितरण

२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस नगरपालिका वडा नं. ११ देविस्थानमा आलु र तरकारी ब्लक कार्यक्रम तथा आलु पकेट कार्यक्रम र वडा नं. १० घुघुरकोटमा तरकारी पकेट कार्यक्रम संचालन ।

३. व्यवसायिक च्याउखेती गर्न इच्छुक कृषकहरुका लागि नगरस्तरीय तथा १४ वटै वडामा तालिम संचालन तथा च्याउखेतीका लागि आवश्यक बीउ र सामग्री वितरण ।

४. नगरस्तरमा १० हेक्टर जमिनमा फलफूल खेती विस्तारका लागि बर्षे फलफूलका विरुवा वितरण

५. बेमौसमी तरकारी खेती प्रबर्द्धनका लागि विभिन्न वडाका कृषकहरुलाई प्लाष्टिक घर निर्माण, तरकारी खेतीमा सहयोग, सिंचाइ कुलो र पोखरी निर्माण

६. माछापालनमा संलग्न कृषकहरुलाई पोखरी निर्माण र माछापालनका लागि सहयोग भएको ।

## २. पशु सेवाः

- पशुमा लाग्ने महामारी रोग नियन्त्रणको लागि खोप भण्डारण तथा औषधीको व्यवस्था गरिएको छ ।
- यस नगरपालिकाको वडा नं. २,४,६, ८,९,१०,११ र १४ मा पशु स्वास्थ्य शिविर संचालन भई २००० घरधुरीका १०,०००। पशुपंछीको उपचार गरिएको छ ।
- सहकार्यमा खोर सुधार कार्यक्रम अन्तरगत ५ वटा ब्यबसायिक बाख्रा फर्मको खोर सुधार कार्यकम सञ्चालनमा रहेको छ ।
- अछामी नौ मुठे गाई संरक्षणको लागी बैद्यनाथ धाममा गौशाला निर्माण भैरहेको छ ।

- नगरपालिकाको ९ वटा वडामा ९ वटा उन्नत बोयर जातको बोका वितरण गरिने भएको छ ।
- बहु क्षेत्रिय पोषण योजना अन्तरगत सुनौलो १००० दिनका आमालाई ८०० वटा ८ हप्ते कुखुराका चल्ला वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।



## ३. सूचना तथा प्रविधिः

१. सुशासन र पारदर्शिताका लागि जनप्रतिनिधिसँग जनप्रिय एफ्.एम्. कार्यक्रम संचालन

२. २०७४ फागुन १९ गते नगरमा (Techno Hub) सुचना केन्द्रको स्थापना। यस केन्द्र मार्फत विभिन्न विषयमा जानकारी दिदैं आइएको छ।

३. २०७५ वैशाख २९ गते नगरभित्रका बेरोजगार युवायुवतीलाई लक्षित गरेर "मोबाईल सम्बन्धी क्षमता प्रदर्शन परिक्षा" सञ्चालन गरियो।

४. नगरको वेबसाइट (www.sanfebagarmun.gov.np) नियमित अपडेट भइरहेको छ।

५. नगरको जनसङ्ख्या, शिक्षा, स्वास्थ्य, पर्यटन , आदि सम्बन्धी तथ्याङ्क समावेश गरिएको डाटा पोर्टल (sanphebagar.susasan.org)को पनि सुरुवात भएको छ ।

६. कामलाई सहज र प्रभावकारी बनाउन नगरभित्र cctv camera र biometric- attendance जडान। यस्तै वैद्धनाथ मन्दिर परिसरभित्र पनि cctv camera जडान।

७. नगर कार्यालयमा LED display board राखियो।

८. द्रुत नेटका लागि worldlink बाट सेवा लिने सहमति।

९. नगरको E-profile बनाउन पनि सुचना तथा प्रविधिको प्रयोग।

१०. नगर प्रोफाईलको काम अन्तिम चरणमा पुगेको छ । *

## ४. शिक्षाः

- ६ वटा विद्यालय रा.मा.वि. बाब्ला, बेतालमाण्डौं मा.वि., प्रभा धम्कोट मा.वि., त्रि.सु.मा.वि. श्रीकोट, हिमालय मा.वि. र महेन्द्र मा.वि. बयालपाटामा प्रति विद्यालय रु. ६,५००००/- ICT अनुदान ।

- ५ वटा विद्यालय घुघुरकोट मा.वि. बुढाकोट मा.वि. कृष्ण मा.वि. दहपाटा कालिका मा.वि. पातलकोट हंशबाहिनी मा.वि. देविस्थान प्रति विद्यालय रु. ६,५०००००/-  पुस्तकालय व्यवस्थापन अनुदान ।
- नमूना विद्यालयकोरुपमा सूर्य चन्द्र मा.वि. कालिमाटीलाई ल्याव र भौतिक निर्माणको लागि आ.व. ०७३/०७७४ को रु. ४०५०००००/- अनुदान । हाल निर्माणाधीन अवस्थामा रहेको ।
- ४ कोठे विज्ञान भवन घुघुरकोट मा.वि. मा रु. ३८००००००/- अनुदान। हाल निर्माणाधीन ।
- २ कोठे ब्लक ३ वटा भवन बुढीगंगा प्रा.वि., ज्ञानज्योती प्रा.वि.,  महाकाली प्रा.वि. देविस्थान प्रति विद्यालय रु. १४००००००/- अनुदान । हाल निर्माणाधीन।
- २ वटा शौचालय भवन छात्रछात्रा शौचालय वेदविद्याश्रम आ.वि., कालिका मा.वि. पातलकोट प्रति विद्यालय रु.६५००००००/- निर्माणाधीन ।
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रम लागू भएका ९ वटा वडामा ९ वटा विद्यालयमा गठित बाल क्लब लाई पोषण शिक्षा अभिमुखीकरण कार्यक्रम र सोही वडाका ४० जना महिला शिक्षकहरुलाई स्यानेटरी प्याड निर्माण कार्यशाला ।
- सुदूर लक्षित प्राविधिक शिक्षालय भवनको पिलरहरु निर्माण *
- जनता बहुमुखी क्याम्पसको ३ कोठे भवन निर्माण *
- त्रिपुरा सुन्दरी क्याम्पस घेरा पर्खाल र गेटमा रकम विनियोजन भएको *



**५. स्वास्थ्यः**

- यस नगरपालिका वडा नं. ११ देविस्थान र वडा नं. १४ पातलकोट स्वास्थ्य चौकीमा ल्याब सेवा संचालन लयाईएको ।
- 
- नगरपालिका भित्रका सबै स्वास्थ्य चौकीमा १९ वटा गाउँघर क्लिनिक भवन निर्माण गरिएको ।
- १००० दिनका आमाहरुलाई लक्षित हुने गरी भागेश्वर र बैजनाथ लाई पूर्ण पोषण सुनिश्चतता वडा घोषणा उन्मुख रहेको ।
- स्वास्थ्य सेवासम्वन्धी अभिलेख तथा प्रतिवेदन मोबाईल मांसिक बैठक सवै स्वास्थ्य संस्थामा स्थानीय जनप्रतिनिधिको अगुवाईमा सम्पन्न गरिएको ।

- स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन कार्यलाई चुस्त दुरुस्त राख्न एफ्.सी.एच. भी. अर्धवार्षिक गोष्ठी तगा नगर स्तरीय अर्धवार्षिक प्रगति समिक्षा गोष्ठी गरिएको ।
- बयालपाटा अस्पताललाई औषधि खरिदको लागि रु. १०,०००००/- अक्षेरुपी दश लाख मात्र /- अनुदान प्रदान गरिएको ।
- वडा नं ११ देविस्थानमा भ्यासेक्टोमी क्याम्प सञ्चालन
- वडा नं. ०९ बुढाकोटमा स्वास्थ्य शिविर सञ्चालन

**६. कपाल देखि कम्प्युटर अन्तर्गत सञ्चालन भई सम्पन्न भएका सीप विकास तालिमः**

**क) <u>हाल सम्पन्न</u>**

१.च्याउखेती तालिम

२.स्यानेटरी प्याड निर्माण तालिम

३.महिला लक्षित ३ महिने सिलाई कटाई तालिम, रिडीकोट, बुढाकोट र मष्टामाण्डौं वडामा पनि तालिम सञ्चालन ।

४.मेटल चुरामा स्टोन भर्ने तालिम

५.पर्यटक गाईड तालिम

६.पत्रकारिता तालिम

७.भागेशवरमा फोहरलाई मोहर बनाउने तालिम

८.चण्डिकामा दालमोठ तथा आलु चिप्स बनाउने तालिम

९.जाल्पादेवीमा चुडीं बनाउने तालिम

**ख) <u>हाल सञ्चालित</u>**

१.मोबाईल मर्मत तालिम

२.कपाल काट्ने तालिम

३.व्युटीसियन तालिम

४.बहिराहरुका लागि ६ महिने सांकेतिक भाषा तालिम *

ग) **<u>यस आ.व.मा सम्पन्न गरिने तालिम</u>**

१.कम्प्युटर तालिम

२.सहकारिता तालिम

घ) **<u>पर्यटन सम्बन्धी</u>**

१.पर्यटन सूचना केन्द्रको स्थापना

२.पर्यटन सम्बन्धी अन्तरक्रिया

३.खप्तड जाने छोटो बाटो (उनीसैन छोटो बाटो) निर्माण, धवलछडा जाने बाटो निर्माण,

४. जिमराडी क्षेत्रमा सिंढी निर्माण, वैधनाथ धाममा पुरातत्व भवन निर्माण जस्ता निर्माण कार्यको शुभारम्भ ।

५. बयालपाटा अस्पताल नजिक सानो पार्क र यात्रु प्रतिक्षालय निर्माण भएको *

**<u>नगर स्तरमा गठित विभिन्न सञ्जालहरु मार्फत सम्पन्न कार्यक्रमहरुः</u>**

- नगर युवा संजालद्वारा नगर सरसफाई कार्यक्रममा सक्रिय सहभागिता रहेको
- नगर युवा संजाल द्वारा रक्तदान कार्यक्रम सम्पन्न
- नगर स्तरीय दलित सञ्जालको कार्यालय उदघाटन कार्यक्रम र सहभोजको आयोजना
- दलित युवालाई लक्षित गरी तरकारी खेती तालिमका साथै १५ जना दलित कृषकलाई प्लाष्टिक टनेल सहयोग
- नगर अपांग सञ्जालको कार्यालय स्थापना सँगै नगरमा रहेका अपांगहरुको तथ्यांक संकलन कार्य अन्तिम चरणमा
- नगर क्षेत्रका मजदुरहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, पञ्जा र चश्मा वितरण *

**७. महिला तथा बालबालिका**

- सास बुहारीमाझ खाना र खानाको विभेद, लैगिक हिंसा र पोषण सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम (बहुक्षेत्रिय पोषण योजना अन्तर्गतको) ९ वटा वडामा मा संचालन भएको ।

८.सडक

बुढाकोट - पातलकोट , देउलीखाँद - भिर्कु, गोनडाडा - लङमाता लगायत विभिन्न सडकहरुमा वडा र नगरबाट रकम विनियोजित

आर्थिक बर्ष ०७४/७५ मा नगर र वडाबाट माथि समावेश भएका बाहेक विभिन्न विषयहरुमा जनतालाई प्रत्यक्ष फाईदा पुग्ने धेरै आयोजनाहरु सम्पन्न भएका छन् र कतिपय आयोजनाहरु सम्पन्न हुने अवस्थामा रहेका छन्।

न्यायिक समिति अन्तर्गत सम्पन्न क्रियाकलापः

- **४ वटा मुद्धा दर्ताको लागि आएकोमा न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गत ३ वटा मुद्धा दर्ता भएका मध्ये गाली गलौज,** आलीधुर र सम्बन्ध विच्छेदका मुद्धामा गाली गलौज र आलीधुरको मुद्धा पक्ष र विपक्ष दुवैको आपसी समझदारीममा मेलमिलापको माध्यमद्धारा मुद्धा किनारा लगाईएको ।
- सम्बन्ध विच्छेदको मुद्धा किनारा लाग्ने प्रक्रियामा रहेको ।

- न्यायिक समितिका पदाधिककारीको क्षमता विकास सम्बन्धी ३ दिने तालिम जिल्ला समन्वय समितिमा सञ्चालन भई सम्पन्न भएको।
- कानुनी सल्लाहकार नियुक्त गरिएको ।

**<u>अनुगमन तथा सुपरिवेक्षण समितिद्धारा सम्पन्न क्रियाकलापः</u>**

- आ.व.०७४/७५ मा सञ्चालित आयोजना तथा कार्यक्रमको सूक्ष्म अनुगमन भएको । जसमा ९२ वटा योजनाको अनुगमन गरिएका मध्ये ८५ वटा योजनाहरु प्राविधिक लागत ईष्टिमेट बमोजिम समपन्न र ७ वटा योजना लगत ईष्टिमेट अनुसार नभएकोले लगत ईष्टिमेट अनुसार हुनेगरी सम्पन्न गर्न निर्देशन दिईएको।
- २ पटक समीक्षात्मक बैठक सम्पन्न ।

# खण्ड -३

## साँफेबगर नगरपालिकाको आ.व. २०७५/०७६ नीति तथा कार्यक्रमहरु

### सूचना तथा सञ्चार नीतिः

१. सूचना संचार र प्रविधिमा सबै नगरबासीको पहुँच पुऱ्याउन प्रभावकारी दूरसञ्चार सेवाको विस्तार गर्दै वडा कार्यालय, विद्यालय, प्रशासनिक भवन, स्वास्थ्य केन्द्रमा उच्च गतिको ईन्टरनेट र टेलिफोन सेवा विस्तार गरिनेछ।

२. नगरपालिकामा "online leave management tool" को प्रयोग गरिनेछ।साथै नगरभित्रका स्कुलहरुलाई पनि यसका लागी प्रोत्साहन गरिनेछ।

३. नगरवासीका हात हातमा साँफेबगर नगरपालिकाको सेवा सुविधा र सूचना पुऱ्याउनका निम्ती मोबाईल एप्प निर्माण गरिनेछ ।साथै सूचना प्रवाहमा सम्पूर्ण नगरपालिकाको समाजिक सञ्जाल फेसबुक एकाउण्ट बनाई सूचना तथा कार्यक्रमहरुको जानकारी गराउने जमर्को गरेका छौं।

४. "एक वडा एक ई-विद्यालय" निर्माण गरी नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन उच्च प्राथमिकता दिइने छ।

५. यस नगरपालिकाको ३ र ४ नं.वडा कार्यालय क्षेत्रलाई फ्री वाई-फाई (Free Wi-Fi Zone)क्षेत्र बनाइनेछ।

६. "Digital Notice board" र गुनासो व्यवस्थापनलाई जोड दिइनेछ।

७. "व्यक्तिगत घटना दर्ता" लाई अनलाईन मार्फत सेवा प्रवाह गर्नको लागि आवश्यक तालिम पश्चात यस नगरपालिकाका सम्भावित वडाहरुमा कम्प्युटर प्रणाली लागू गरिनेछ।

८. "प्रविधि साक्षरता" तालिम विभिन्न चरणमा सञ्चालन गरिनेछ।

९. नगरका सेवा र सूचनाहरू अनलाइन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुंच पुऱ्याउन नगरपालिका र यसका वडाहरुबाट उपलब्ध हुने सेवाहरुलाई विद्युतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ।

१०. सबै प्रकारका FM रेडियो र पत्रपत्रिकाहरुको संस्थागत विकास तथा भौतिक पुर्वाधारका लागि आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ।

११.किसानहरुलाई प्रविधि मैत्री बनाउन र प्रविधियुक्त कृषी प्रणालीमा जोड दिई सम्पूर्ण जानकारी मलखादको प्रयोग, नयां प्रविधि, कृषि यन्त्र औजारको प्रयोग, चिस्यान केन्द्र, वीउ विजन, कृषि उत्पादनमा बिमा र बजार क्षेत्रको जानकारी भएको एक मोबाईल एप्प निर्माण गरिने छ।

१२। नगरपालिका क्षेत्रभित्रका सबै वडा कार्यालयहरुमा नेपाल टेलिकमसँग समन्वय गरी ल्यानण्डलाईन टेलिफोन सेवा तथा इन्टरनेट सेवाको विस्तार गर्ने नीति लिइनेछ ।

१३। नगरपालिका कार्यालयका बार्षिक तथा अर्धबार्षिक कार्य प्रगति लगायतका अन्य सबै सूचना तथा जानकारी web site मार्फत प्राप्त गर्न सकिने कार्य प्रकृयालाई अगाडी बढाइनेछ ।

**६**

**पशु सेवा नीतिः**

१. साँफेबगर नगरपालिका अन्तरर्गतरहेका १४ वटै वडामा पशुपंछी तथ्यांक संकलन, र पशु जन्यउत्पादनको तथ्यंक संकलन गरी हाल नगरपालिकामा रहेको पशुजन्य वस्तुको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्न नगर स्तरिय पशु विकास योजना प्रोफाईल तयार गरिनेछ ।

२. उक्त पशु विकास योजना प्रोफाइल, र नगर कार्यपालिकाको सुझाबको आधारमा साँफेबगर नगरपालिकामा रहेका पशु पालक कृषक उद्यमी तथा ब्यबसायिहरुलाई ३ भागमा वर्गीकरण गरी सोही अनुसारको कार्यक्रम तथा योजना बनाईने छ। कृषक हरुलाई बर्गिकरण गर्दा निम्नानुसार गरिनेछ।

क. परम्परागत कृषक : यस बर्गमा परम्परागतरुपमा पशुपालन तथा पशुपालन सम्बन्धी ब्यबसाय गर्दै आयका जो ब्यबसायिकतिर उन्मुख नभएका र हुन पनि नचाहाने कृषकहरु ।

ख. ब्यबसायतर्फ उन्मुख कृषक : परम्परागत पश पालन ब्यबसायलाई ब्यबसायिकतिर लानखोजेका र ज्ञान, सिप, र अवसर पाएमा ब्यबसायिक पशु उद्यमी बन्नचाहेका कृषकहरु ।

ग. ब्यबसायिक पशु उद्यमी : ब्यबसायिक रुपमा पशुपंछी ब्यबसाय गरी आधुनिक प्रणाली तिर लागेका र जान चाहाने पशु ब्यबसायि, फार्म उद्योगहरु जो ब्यबसाय सुरक्षित भएमा लगानीगर्न समेत तयार छन ।

३. नेपाल सरकार कृषि भुमि ब्यबस्था तथा सहकारी मन्त्रालय ले आगामी ३ वर्षमा मुलुकलाई दुध, मासु र अण्डामा आत्मनिर्भर गर्ने भनि लियको निति तथा लक्ष्य अनुसार यस नगरपालिकालाई पनि आत्मनिर्भर बनाउन पशुपालन ब्यबसाय संचालन गर्न यूवा जनशक्तिलाई प्रोत्शाहान गरी यूवालक्षित कार्यक्रमलाई जोड दिईने छ ।

५. कृषकको शिप, ज्ञान र क्षमता अभिवृद्धि गर्न विभिन्न किसमका तालिम, गोष्ठी,सेमिनार, र अन्तर जिल्ला भ्रमणको आयोजना गरीनेछ ।

६. विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण, समवर्द्धन, प्रवर्द्धनमा विशेष जोड दिइने छ । साँथै उत्पादन र उत्पादकत्व बढाउन पहलगर्ने ।

**कृषि विकास नीतिः**

१. कृषिमा आधुनिकीकरण गरी कृषि उत्पादन बढाउने र नगरलाई खाधान्नमा आत्मनिर्भरता उन्मुख गराउने नीति अवलम्वन गरिनेछ ।

२. माटोको उर्वरा शक्ति कायम राख्न र प्रबर्द्धन गर्न माटो परिक्षण र आवश्यकता अनुसार माटो सुधार कार्यक्रम संचालन गरिनेछ ।

३. एक घर एक गडो तरकारीको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. कृषि कार्यमा संलग्न कृषकहरुलाई उत्पादनका आधारमा सहयोग उपलब्ध गराउने कार्यक्रम अगाडी बढाईनेछ ।

५. कृषकहरुको प्रत्यक्ष संलग्नतामा कृषक पाठशाला सञ्चालन गरि उन्नत प्रविधिको विस्तार तथा स्थानी य ज्ञान सीपको उपयोगमा जोड दिईनेछ ।

६. कृषि उत्पादन वृद्धिमा मुख्य भूमिका रहने सिंचाईका लागि साना सिंचाईंका पूर्वाधारहरु निर्माण र स्तरोन्नति गरिनेछन्

७. उच्च मूल्य तथा कम आयतन भएका कृषिजन्य उत्पादनमा प्रोत्साहन गरिनेछ ।

८ प्राकृतिक तथा अन्य कारणहरुले गर्दा कृषि उत्पादनमा हुने क्षतिको जोखिम कम गर्न कृषि विमा कार्यक्रमको उपयोगलाई प्रोत्साहन गरिनेछ ।

९ कृषि प्राविधिक सेवामा कृषकहरुको पहाँच बढाउन थप कृषि प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

१०. जंगली जनावरबाट बालीनाली जोगाउन विविध प्रकारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**वन वातावरण तथा भुसंरक्षण**

- नगर क्षेत्रभित्र रहेको वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै नगर क्षेत्रमा सडकको दाँया बाँया वृक्षारोपण गरि हरीयाली कायम गर्ने तथा बातावरण तथा जलबायु अनुकुलन हुने गरि विकासका कृयाकलाप सन्चालन गरिनेछ।
- पहिरो नियन्त्रण र भू-संरक्षणका लागि वृक्षारोपण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ।
- पानीको संरक्षणका लागि पोखरीहरु र दहहरु निर्माण गरिनेछ ।

### उद्योग

- उद्योगधन्दा र व्यावसायको माध्यमबाट आर्थिक सुधार हुने भएकोले घरेलु उद्योग व्यावसाय सन्चालन गर्ने उद्यमी व्यवसायीलाई प्रोत्साहन गरिनेछ।
- व्यावसायीहरुको डाटा संकलन गरि करको दायरामा ल्याईनेछ ।

### लक्षित वर्ग

- महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक, पिछडिएको वर्ग, वृद्ध तथा विपन्न वर्गहरुको सहभागिता र विकासमा जोड दिइनुको साथै छाउपडी प्रथालाई निरुत्साहित गर्न विशेष पहल तथा लक्षित कार्यक्रम संन्चालन गरिनेछ।
- महिलाहरुलाई व्यावसायिकता तर्फ उन्मुख बनाउन आयमुलक शिपमुलक तालिम प्रदान गरि आय आर्जनमा वृद्धि गरि आत्मनिर्भर बनाईने नीति लिईनेछ।

भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अनाथ व्याक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ

### महिला तथा बालबालिका नीति

- स्थानीय तहमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक  र सरोकारवालाहरुबीच ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल क्लब गठन सञ्चालन तथा नियमन गरि बालबालिकाको हक हितका पक्षमा कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- लैंगिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

## शिक्षा नीतिः

- नगरपालिकाको शैक्षिक स्तर माथि उकास्न नगरपालिका क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधारहरुको निर्माणमा जोड दिइनेछ।
- नगरका मा.वि.,आ.वि. र प्रा.वि. लाई क्रमशः ICT सम्बन्धी क्षमता विकास तालिम तथा सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- पूर्ण साक्षर वडा घोषणा गर्ने नीति लिईनेछ ।

- समुदायको विद्यालय प्रतिको अपनत्वको भावना वृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।
- विद्यालय जनशक्ति व्यवस्थापन (दरबन्दी मिलान, तह घटबढ, विद्यालय गाभ्ने) सम्बन्धीका कार्यहरु सबै सरोकारवालाहरुको सहकार्यमा सञ्चालन तथा कार्यन्वयन गरिनेछ ।
- विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा दिईने प्रोत्साहन अनुदानलाई निरन्तरता दिईनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिई विस्तार गरिने नीति अवलम्वन गर्दै लगिनेछ ।

**<u>स्वास्थ्य नीतिः</u>**

- नगरपालिका अन्तर्गत केही स्वास्थ्य संस्थाहरुमा सूचना तथा प्रविधिको पहुँचका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- प्रसुति सेवा (बर्थिङ् सेन्टर निर्माण) लाई विस्तार गरिनेछ ।
- पूर्ण पोषणयुक्त वडा सुनिश्चितता पूर्ण गर्भ जाँच वडा तथा पूर्ण खोप सुनिश्चतता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई सवै जनताको पहुँच हुने गरी स्थानीय स्वास्थ्य सेवा संचालन निर्देशिका २०७४ को नीति अनुसार लागू गरिनेछ ।
- स्वास्थ्य चौकी, भवन मर्मत, गाउँघर क्लिनिक सेवा विस्तार गरिनेछ ।



- नगरपालिका स्तरीय स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५ लाई पारित गरी कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य विमा नीतिलाई सबै वडाहरुमा सक्रियताका साथ लागू गरिनेछ ।

**<u>खेलकूद नीतिः</u>**

- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथामिकता दिइनेछ ।

**<u>पर्यटन संस्कृति नीतिः</u>**

- प्रर्यटन विकासका लागि नगर क्षेत्र भित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्वीक संपदाहरुको पहिचान विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलंबन गरिनेछ ।
- परम्परागत चाडपर्व, कला संस्कृतीको विकास, संरक्षण र संबद्धन गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा बढावा दिइनेछ ।

## **खानेपानी तथा सरसफाई नीतिः**

- नगर क्षेत्र भित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपुर्तीको व्यवस्था गरिनेछ र फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ साईटको खोजी भइसकेकोले निर्माण कार्यलाई तिव्रता दिने नीति अवलंबन गरिनेछ ।

## **विद्युत तथा उर्जा नीतिः**

विद्युत नपुगेका वडाहरुमा विद्युत पुर्याउन प्राथमिकता दिईनेछ ।

### **सीप विकास नीतिः**

कपाल देखि कम्प्युटर सम्म सीप विकास तालिम कार्यक्रमलाई आगामी आ.व. ०७५/७६ मा पनि निरन्तरता दिईनेछ।

### **विविधक्षेत्रः**

१. नगरको सिमा सिमांकन गरिनेछ ।
२. नगरको विभिन्न स्थानहरुमा धार्मिक तथा भौगोलिक गेटहरु निर्माण गरिनेछ ।
३. विपद्को समयमा सेवा पुरयाउन विभिन्न ठाउँहरुमा हेली प्याड निर्माण गरिनेछ ।